म.जि.प्र.का.दर्ता नं.-११५
www.pradeshdaily.com
बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# प्रदेश

Pradesh National Daily
राष्ट्रिय दैनिक

वर्ष: १५, अंक:-८२, २०८३ असोज २२ गते बिहीबार (Thursday, 8 Oct 2026), पृष्ठ-४, मूल्य रू.३/-

**चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं**

➪आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
➪चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
➪धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
➪चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
➪सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
➪मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

*चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## हेटौंडा-मनहरी सडक खण्डमा खाल्डैखाल्डा, दुर्घटनाको जोखिम बढ्दै

♦*प्रदेश दैनिक*



हेटौंडा/पूर्वपश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-मनहरी खण्डमा खाल्डैखाल्डो बन्दा दुर्घटना समेत बढ्दो क्रममा रहेको छ ।

सडकमा रहेको खाल्डोका कारण दैनिक दुर्घटना भइरहेको हो । राजमार्गमा ठूल्ठूला खाल्डो भैसक्दा पनि सरोकारवाला निकायले कुनै चासो नदिएको हेटौंडा १९ का यातायात व्यवसायी हरिशरण सुवेदीले गुनासो गरे । खाल्डोकै कारण दुर्घटना बढेको र धेरैले अकालमा ज्यान गुमाउने अवस्था आएको उनको भनाई छ । 'खाल्डो छलाएर गाडी चलाउनुपर्ने अवस्था छ । गाडी पल्टिने होकी ठोक्किने हो ठेगान हुन्न', उनले भने, 'अझ २ पाङ्गे सवारीमा यात्रा गर्नेलाई अझ जोखिम छ ।' राजमार्गमा खाल्डाखुल्डी भएको करिब ४/५ महिना भैसक्दा पनि सरोकारवाला निकायले कुनै चासो नदिएको मनहरी ४ का यातायात व्यवसायी सुरज खड्काको भनाई छ ।

खाल्डाकै कारण दैनिक दुर्घटना भइरहेको भन्दै उनले चाडपर्वको समयमा अझ दुर्घटना हुनसक्ने तर्फ सचेत गराए । सडकको खाल्डाखुल्डी पुर्नुपर्ने र दुर्घटना न्यूनीकरणका ध्यान दिनुपर्ने माग राख्दै नेकपा एमाले मनहरी गाउँ कमिटीले पनि डिभिजन सडक कार्यालयको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र समेत बुझाएको थियो । खाल्डो र गाडी जोगाएर चलाउनुपर्ने बाध्यताले दुर्घटना बढ्दो क्रममा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक माधवप्रसाद काफ्लेले बताए । 'पछिल्लो समय मकवानपुरको राजमार्गमा दैनिकजसो दुर्घटना भैरहेको छ । यसको प्रमुख कारक मध्ये सडकको दुरावस्था (खाल्डाखुल्डी) पनि एक हो', उनले भने ।

यता डिभिजन सडक कार्यालयले भने खाल्डाखुल्डी पुर्ने क्रममा रहेको बताएको छ ।

## जेसीज कपमा हाँडीखोला र खरंगा सेमिफाइनलमा

♦*प्रदेश दैनिक*




हेटौंडा/चैनपुर जेसीज मनहरीको आयोजनामा मनहरी ४ स्थित गोलघर खेल मैदानमा जारी चौथो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगितामा खरंगा एफसी र हाँडीखोला यूथ क्लव सेमिफाइनल प्रवेश गरेको छ ।

बुधबार भएको पहिलो क्वाटर फाइनल खेलमा खरंगाले माथिल्लो मसिने एफसीलाई १-० ले हराउँदै अन्तिम ४ मा स्थान पक्का गरेको हो । निकै प्रतिस्पर्धात्मक खेलमा खरंगाका मिलन लामाले दोस्रो हाफको १६ औं मिनेटमा गरेको गोल नै निर्णायक बन्यो । उनी नै खेलको म्यान अफ द म्याच बने । यस्तै दोस्रो खेलमा हाँडीखोला यूथ क्लवले मनहरी ४ लाई सडनडेथमा स्तब्ध पार्दै सेमिफाइनलमा खरंगा एफसी संगको भेट पक्का गरेको हो । निर्धारित समय र टाइब्रेकरमा समेत बराबरी भएपछि सडनडेथ मार्फत खेलको निर्णय लिइएको हो । हाँडीखोलाले मनहरी ४ लाई ५-४ गोल अन्तरले हराएको हो । खेलको म्यान अफ द म्याच हाँडीखोलाका गोलरक्षक दर्पण सिन्तान घोषित भए ।

जारी प्रतियोगितामा बिहीबार सेमिफाइनल प्रवेशका लागि कमाने फुटबल एकेडेमी र साविक विजेता मकवानपुर गढी जेसीज भिड्नेछ भने दोस्रो खेलमा साविक उपविजेता पटिहानी इभेन्ट्स र तपोवन यूथ क्लव खेल्नेछ । प्रतियोगितामा चितवनको एक र मकवानपुरका ११ गरी १२ क्लवको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले १ लाख एक हजार १११ रुपैयाँ तथा उपविजेताले ५१ हजार १५१ रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै सर्वोत्कृष्ट खेलाडीले १० हजार तथा अन्य विधागत उत्कृष्टले जनही ५ हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । चैनपुर जेसीज मनहरीको आयोजना तथा मनहरी गाउँपालिका ४ नम्बर वडा कार्यालयको मुख्य प्रायोजनमा प्रतियोगिता सन्चालन भइरहेको हो ।

प्रतियोगितालाई मनहरी गाउँपालिकाको कार्यालय, बागमती प्रदेश खेलकुद विकास परिषद, सानाकिसान कृषि सहकारी संस्था लगायतको सहयोग रहेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेज गर्नको लागि १५ दिने सूचना**

यस कार्यालयमा कम्पनी प्रा.लि.नं. ९१६९६/०६८/६९ मिति २०६८/१२/०८ मा दर्ता रहेको दिपशिखा हेल्थ केयर फाउण्डेशन प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६.१ बमोजिम दर्ता खारेजी गर्ने निर्णय भएकाले यस कम्पनीका संस्थापकहरुलाई आजको मिति देखि १५ दिन भित्र सम्पर्क गर्न हुन भनि सम्बन्धित सबै संस्थापकहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रदेश दैनिक
PRADESH DAILY NEWSPAPER

**समाचार तथा विज्ञापनको लागि
सम्पर्क नं. ९८५५०८८१५१**

**२७औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रस्तुत विषयमा मिति २०८३ साल भाद्र ८ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको २७ औं वार्षिक साधारणसभा देहायमा उल्लेखित प्रस्तावहरुमा छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा तय गरिएको हुँदा यहाँहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक आमन्त्रण गरिन्छ ।

प्रस्तावहरु :
१) साधारणसभाको वैधानिकता सम्बन्धमा ।
२) निर्णय पुस्तिका प्रमाणितका लागि प्रतिनिधी चयन सम्बन्धमा ।
३) अध्यक्षज्यूको मन्तव्य सम्बन्धमा ।
४) सचिवज्यूको वार्षिक नीति, कार्यक्रम तथा संस्थागत प्रगति प्रतिवेदन सम्बन्धमा ।
५) कोषाध्यक्षज्यूको आर्थिक वर्ष २०८३/२०८४ को वार्षिक योजना तथा प्रस्तावित बजेट सम्बन्धमा ।
६) आर्थिक वर्ष २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
७) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
८) विनियममा थप व्यवस्था तथा संशोधन सम्बन्धमा ।
९) आर्थिक वर्ष २०८३/२०८४ का लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
१०) आर्थिक वर्ष २०८२/२०८३ मा बजेट पारित पूर्व भएको खर्च अनुमोदन सम्बन्धमा ।
११) रिक्त संचालक समिति सदस्य चयन सम्बन्धमा ।
१२) कार्यविधि तयार तथा संशोधन सम्बन्धमा ।
१३) संस्था एकीकरण सम्बन्धमा ।
१४) संचालक समिति, लेखा समिति विभिन्न उपसमिति तथा व्यवस्थापकको सेवा सुविधा सम्बन्धमा ।
१५) निष्क्रिय सदस्य सम्बन्धमा ।

*तपशिल :*
मिति : २०८३ साल असोज २४ गते शनिबार
समय : बिहान १०:०० बजेदेखि
स्थान : तासिर इंग्लिस सेकेण्डरी स्कुलको प्राङ्गण हेटौंडा-७, नागस्वती (संस्थाको मुख्य कार्यालय नजिकै)

**हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-७, नागस्वती






# सम्पादकीय

## जेसीज फुटबलले तताउँदै माहोल

खेलकुद केवल मनोरञ्जनको माध्यम मात्र होइन, समाजलाई जोड्ने, स्थानीय क्षेत्रको पहिचान स्थापित गर्ने र युवालाई सकारात्मक बाटोतर्फ डोऱ्याउने महत्वपूर्ण माध्यम पनि हो । खेलकुद गतिविधिले स्थानीयस्तरमा उत्साह र उमंग थप्नुका साथै सामाजिक एकता, अनुशासन र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्न महत्वपूर्ण भूमिका खेल्छ । यही उद्देश्यसहित चैनपुर जेसीज मनहरीले आयोजना गर्दै आएको फुटबल प्रतियोगिताले मनहरीमा खेलकुदको माहोल निर्माण गर्न सफल भएको छ । मकवानपुरको मनहरी गाउँपालिका ४ मसिने गोलघरमा चौथो संस्करणको चैनपुर जेसीज मनहरी कप खुला फुटबल प्रतियोगिता सञ्चालन भइरहेको छ । चैनपुर जेसीज मनहरीले स्थापनाकाल देखि नै प्रत्येक वर्ष यो प्रतियोगिता सञ्चालन गर्दै आएको छ । निरन्तरता आफैंमा महत्वपूर्ण उपलब्धि हो । प्रतियोगिताको निरन्तरताले जेसीजको खेलकुदप्रतिको प्रतिबद्धता मात्र देखाएको छैन, स्थानीयस्तरमा फुटबलप्रतिको आकर्षण र सम्भावनालाई समेत उजागर गरेको छ ।

प्रतियोगितामा सहभागी हुने खेलाडी, टिम तथा खेलप्रेमीको उपस्थितिले मसिने गोलघर क्षेत्रमा छुट्टै रौनक थपिएको छ । खेल हेर्न विभिन्न स्थानबाट दर्शक आउने गरेका कारण स्थानीय बजार, होटल तथा अन्य ब्यवसायमा समेत चहलपहल बढेको छ । यसले खेलकुद गतिविधिले स्थानीय अर्थतन्त्र र आन्तरिक पर्यटनमा पार्न सक्ने सकारात्मक प्रभावलाई समेत देखाएको छ । मनहरी गाउँपालिका ४ आफैंमा प्राकृतिक तथा ग्रामीण पर्यटनका दृष्टिले सम्भावना बोकेको क्षेत्र हो । फुटबल प्रतियोगिताजस्ता कार्यक्रमले यस क्षेत्रलाई बाहिरी मानिसमाझ चिनाउन सहयोग पुऱ्याउँछ । खेल हेर्न आउने दर्शकले खेलसँगै स्थानीय वातावरण, प्राकृतिक सौन्दर्य र ग्रामीण जीवनशैलीको समेत अनुभव गर्ने अवसर पाउँछन् । यस अर्थमा प्रतियोगिता खेलकुद कार्यक्रम मात्र नभई आन्तरिक पर्यटन प्रवर्द्धनको माध्यमसमेत बन्न सक्छ । अझ महत्वपूर्ण कुरा यस्ता प्रतियोगिताले स्थानीय युवालाई खेलकुदमा लाग्न प्रेरित गर्छ । युवाको ऊर्जा सही क्षेत्रमा प्रयोग गर्न सके समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । खेलकुदले अनुशासन, मेहनत, धैर्य, सहकार्य र प्रतिस्पर्धाको संस्कार सिकाउँछ । त्यसैले स्थानीय तह, संघसंस्था र निजी क्षेत्रले यस्ता प्रतियोगितालाई प्रोत्साहन गर्न आवश्यक छ ।

तर प्रतियोगिता आयोजना गरेर मात्र यसको उद्देश्य पूरा हुँदैन । खेलाडीको क्षमता विकास, नियमित प्रशिक्षण, खेलमैदानको स्तरोन्नति र आवश्यक खेल सामग्रीको उपलब्धतामा समेत ध्यान दिनुपर्छ । स्थानीय प्रतिभालाई अवसर दिने दीर्घकालीन योजना बनाउन सके मनहरीबाटै प्रदेश तथा राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न सकिने सम्भावना छ । चैनपुर जेसीज मनहरीले सुरु गरेको यो अभियानलाई आगामी दिनमा अझ ब्यवस्थित र प्रभावकारी बनाउँदै लैजानुपर्छ । प्रतियोगिताको स्तर बढाउँदै स्थानीय पर्यटन, खेलकुद र आर्थिक गतिविधिलाई एकसाथ अघि बढाउन सकियो भने यसको प्रभाव अझ ब्यापक हुनेछ । जेसीज फुटबलले मनहरीमा जुन माहोल बनाएको छ, त्यसलाई निरन्तरता दिँदै खेलकुदलाई विकास र पहिचानको आधार बनाउन सबै पक्षले हातेमालो गर्नु आवश्यक छ।

### जरुरी टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस | ५२०७११ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | पद्मपोखरी एम्बुलेन्स: | ९८४५१९८०३१ |
| वडा प्रहरी: | ५२०२११ | बसामाडी एम्बुलेन्स: | ९८४५२२७५७२ |
| पशुपतिनगर इलाका: | ५२०५९८ | हेटौंडा अस्पताल | ५२०३०५ |
| पालुङ इलाका: | ६२०८६७ | परिवार नियोजन संघ | ५२०७४५ |
| मनहरी इलाका: | ६२५०९९ | मनहरी रेडक्रस: | ९८४५१०५९२१ |
| फापरबारी इलाका: | ६२११९० | छतिवन रेडक्रस: | ९८४५०२८०६० |
| भीमफेदी इलाका: | ६२१८६२ | भीमफेदी रेडक्रस: | ६२०६२२ |
| बारुणयन्त्र | ५२०६७७/१०१ | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| | | बज्रबाराही रेडक्रस: | ९८४५३०२९९४ |
| | | सिविन बाल हेल्पलाइन | १०९८ |

### आजको राशीफल

| | |
|---|---|
| मेष : | डर चिन्ता |
| वृष : | धन लाभ |
| मिथुन : | खर्च बढ्ने |
| कर्कट: | अपव्यय |
| सिंह : | मित्र भेट |
| कन्या : | प्रेममा सफलता |
| तुला : | सन्तान सुख |
| वृश्चिक : | पढाईमा रुची |
| धनु : | समयले साथ दिने |
| मकर : | व्यवसायमा लाभ |
| कुम्भ : | शत्रु नाश |
| मीन : | धामिर्क रुची |

*तपाईको आजको दिन शुभ रहोस् ॥*

# के भ्रष्टाचारले गरिबी बढाउँछ ?



दिपेश घिमिरे

दीपेश घिमिरे सुशासनमा विषयमा लेख्छन्, अनुसन्धान गर्छन् । उनको रिफ्लेक्सनस् अन नेपलिज सोसाइटी: अर्काइभ अफ सोसियोलोजिकल एस्सेज र शासन र शासक जस्ता पुस्तक प्रकाशित छन् ।



*भ्रष्टाचार केवल प्रशासनिक तथा कानुनी समस्या मात्र नभई समाजमा गरिबीलाई पुस्तान्तरण गर्ने, स्थायी बनाउने र गरिबीको पुनरुत्पादन हुने संरचनात्मक कारक बनेको छ ।*

रास्वपाकी नेता तथा पूर्वसांसद विनिता कठायतले पुस २०८२ 'गरिबलाई राजनीतिमा ल्याए भ्रष्टाचार गर्छन्' भन्ने अभिव्यक्ति दिएकी थिइन् । त्यस्तो अभिव्यक्तिपछि गरिबीले भ्रष्टाचार बढाउँछ वा भ्रष्टाचारले गरिबी ? भन्नेबारेमा सार्वजनिक टिप्पणी भयो । समाजशास्त्री शैयद हुसेन अलतासले सन् १९७० मा प्रकाशित गरेको 'भ्रष्टाचारको समाजशास्त्र' पुस्तकमा पनि भ्रष्टाचारको एक कारणका रूपमा गरिबीलाई उल्लेख गरेका छन् । तर, अनुभवजन्य तथ्यहरू हेर्दा गरिबीले भ्रष्टाचारलाई नभई भ्रष्टाचारले गरिबी बढाउने देखिन्छ ।

प्रत्येक वर्ष सार्वजनिक हुने संघीय, प्रादेशिक तथा स्थानीय तहको बजेट मन्तव्यमा गरिबी निवारणलाई महत्त्व दिएको पाइन्छ । सरकारी स्रोत, साधन तथा अनुदान पहुँचविहीन, गरिब तथा सीमान्तकृत नागरिकसम्म पुऱ्याएर गरिबी निवारण गर्नका लागि रकम विनियोजन गरिरहेको छ । तर दशकौंदेखि नेपालमा गरिबीको अवस्थामा उल्लेखनीय सुधार भएको छैन । राष्ट्रिय योजना आयोगको एक तथ्यांक अनुसार सन् १९७६/७७ मा ३६.२ प्रतिशत नेपाली गरिबीको रेखामुनि रहेका थिए भने सन् २०१८ मा १८.७ प्रतिशत थिए । तथ्यांकले करिब चार दशकमा गरिबी आधाले मात्र घटेको देखिन्छ । किन ? यसका बारेमा विभिन्न अध्ययन भएका छन् । यद्यपि गरिबी बढाउन भ्रष्टाचारको भूमिकाको सन्दर्भमा खासै अध्ययन भएको देखिँदैन । सरकारले हरेक वर्ष विनियोजन गरेको बजेटले गरिबी निवारणमा प्रत्यक्ष रूपमा योगदान गर्न नसक्नुको पछाडि भ्रष्टाचारको भूमिका रहेको देखिन्छ ।

भ्रष्टाचार भनेको सार्वजनिक स्रोत तथा पदको दुरुपयोग गरी व्यक्तिगत वा निजी लाभका लागि गैरकानुनी तथा अनैतिक कार्य गर्नु हो । यसैगरी गरिबीले आम्दानीका साथै शिक्षा, स्वास्थ्य, रोजगारी, सुरक्षित बसोबास, सामाजिक सहभागिता र आत्मसम्मान लगायतको अभावलाई जनाउँछ । गरिबी बहुआयामिक हुन्छ । यसलाई न्यूनीकरण गर्न राज्यको निष्पक्ष नीति, समावेशी विकास तथा सामाजिक न्याय सुनिश्चित हुनु आवश्यक छ । तर जब राज्यको स्रोत र व्यक्तिको स्रोत दुवै किसिमको भ्रष्टाचार देशमा हावी हुन्छ, तब गरिबी न्यूनीकरणको प्रयास नै कमजोर बन्छ । भ्रष्टाचार र गरिबी एकअर्कासँग गहिरो सम्बन्ध भएका आर्थिक-सामाजिक समस्या हुन् । यी दुवै समस्याले कुनै पनि देशको समग्र विकास तथा समृद्धिको प्रक्रिया र नागरिकको जीवनस्तरलाई गम्भीर असर पार्छन् । खासगरी अविकसित तथा विकासोन्मुख देशहरूमा भ्रष्टाचारले गरिब तथा सीमान्तकृत समुदायमाथि थप आर्थिक बोझ थोपर्दछ । नेपाल जस्तो ऐतिहासिक संरचनागत असमानता, स्रोतको अभाव र शासनको कमजोर अभ्यास रहेको देशमा भ्रष्टाचारले गरिबीलाई बढाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रकाशित गर्ने भ्रष्टाचार अवधारणा सूचकांकको स्तर र विश्व बैंकले प्रकाशित गर्ने गरिबीको दरबीचको सम्बन्धलाई विश्लेषण गर्ने हो भने भ्रष्टाचार र गरिबीबीचको सम्बन्धलाई सहज रूपमा बुझ्न सकिन्छ । जसलाई तालिकाले प्रस्ट पारेको छ ।

### नेपालको अवस्था

नेपालले भ्रष्टाचार अवधारणा सूचकांक २०२५ मा कुल १०० मा जम्मा ३४ अंक प्राप्त गरी १८० देशमध्ये भ्रष्टाचार हुने देशको सूचीको १०९ औं स्थानमा र हेको छ । यसैगरी नेपालको गरिबीको अवस्था उच्च रहेको देखिन्छ । ऐतिहासिक रूपमा हेर्ने हो भने नेपालमा सन् १९९५/९६ मा कुल जनसंख्याको ४१.८० प्रतिशत गरिबी रहेको थियो ।

यसैगरी विश्व बैंकले सन् २०२५ मा प्रकाशित गरेको गरिबी दर अनुसार नेपालमा २०.३ प्रतिशत नागरिक गरिब रहेका छन् । अर्थात् पछिल्लो ३० वर्षमा नेपालको गरिबी करिब २१.५ प्रतिशत बिन्दुले घटेको देखिन्छ । तर छिमेकी देश चीनको गरिबी निवारणको गति हेर्दा नेपालको सुधारको गतिलाई चित्त बुझाउन सकिने अवस्था छैन । सन् १९८१ सम्म चीनको जनसंख्याको ८८ प्रतिशत जनता चरम गरिबीमा बाँचिरहेका थिए । सन् २०२२ मा गरिबीमा बाँच्नेहरू एक प्रतिशतभन्दा कम रहेका छन् । अर्थात् करिब ४ दशकमा चीनले ८६ प्रतिशत बिन्दुले गरिबी घटाएको छ । यस्तो अवस्थामा नेपालको गरिबी निवारणसम्बन्धी योजना र त्यसको कार्यान्वयनमा गम्भीर कमजोरी रहेको देखिन्छ ।

गरिबका लागि विनियोजन गरिएको अनुदान, सहायता, कृषि, पशुपालन, बजार प्रवर्द्धन जस्ता शीर्षकका बजेटमा हुने भ्रष्टाचारले विनियोजित बजेट, सेवा तथा सुविधा गरिब तथा उपेक्षित वर्गसम्म पुग्न सकेको छैन । शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र सामाजिक सुरक्षा लगायतका क्षेत्रमा झाँगिएको भ्रष्टाचारले गरिब तथा सामाजिक रूपमा पछाडि पारिएको वर्ग समुदायका नागरिक्लाई थप गरिब बनाइरहेको छ । भ्रष्टाचारले एकातर्फ गरिब नागरिक सेवाबाट वञ्चित भइरहेका छन् भने अर्कोतर्फ सेवा प्रदायकलाई घूस दिनुपर्ने, अतिरिक्त समय खर्च गर्नुपर्ने तथा गैर कानुनी विकल्प रोज्नुपर्ने कारणले गरिबीको दुश्चक्र फैलाइरहेको छ । भ्रष्टाचारले एकातर्फ विकास खर्चको दुरुपयोग बढाउँछ भने अर्कोतर्फ सडक, सिँचाइ, शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रको विकास निर्माण तथा सेवा सुविधाको गुणस्तरलाई घटाउँछ । यसले दीर्घकालीन रूपमा गरिब समुदायको जीविकोपार्जनमा प्रत्यक्ष रूपमा असर पार्छ । भ्रष्टाचार केवल प्रशासनिक तथा कानुनी समस्या मात्र नभई समाजमा गरिबीलाई पुस्तान्तरण गर्ने, स्थायी बनाउने र गरिबीको पुनरुत्पादन हुने संरचनात्मक कारक बनेको छ ।

### भ्रष्टाचारले कसरी गरिबी बढाउछ ?

भ्रष्टाचारले गरिबी बढाउने विभिन्न कारणहरू रहेका छन् । पहिलो, स्रोत साधनको हिनामिना र दुरुपयोग हो । भ्रष्टाचारको प्रमुख असर राज्यको स्रोत साधनमा पर्दछ । विकासका परियोजनाहरूमा घूस, फर्जी बिल, कानुनको उल्लंघन लगायतका कारणले गर्दा विनियोजित बजेट वास्तविक लक्षित वर्गसम्म पुग्नै पाउँदैन । स्वास्थ्य केन्द्रको औषधि खरिदमा हुने भ्रष्टाचार वा ढिलासुस्ती, कृषि अनुदानमा हुने अनियमितता, विद्यालयको दिवा खाजामा हुने अनियमितता होस् वा ठूला भ्रष्टाचारका काण्ड हुन्, त्यसको प्रत्यक्ष प्रभाव गरिबमाथि पर्छ ।

दोस्रो, भ्रष्टाचारले सेवा तथा सुविधाको पहुँचमा अवरोध निम्त्याउँछ । जब नागरिकलाई राज्यले दिने सेवा तथा सुविधा प्राप्त गर्न घूस अनिवार्य बुझाउनुपर्ने हुन्छ तब गरिबले उक्त सेवासुविधा लिन सक्दैनन् । यस्तो अवस्थामा या त गरिबहरूले त्यस्तो सेवा तथा सुविधा महँगो मूल्यमा खरिद गर्नुपर्ने हुन्छ, या प्राप्त गर्न नसक्ने हुन्छ । जसले गरिबलाई जहिल्यै गरिबै रहि रहन बाध्य बनाउँछ । तेस्रो, न्यायप्रणालीमा पहुँचको अभाव हुन्छ । भ्रष्टाचारले कानुनी तथा न्याय प्रणाली पनि प्रभाव पारिरहेको हुन्छ । भ्रष्ट अधिकारीहरूबाट संरक्षण पाएका शक्तिशाली व्यक्तिहरूले गरिबको जग्गा जमिन लगायतका सम्पत्ति कब्जा गर्न सक्छन् । उनीहरूमाथि अन्याय गर्न सक्छन् । धनी तथा शक्तिशालीले अन्याय गर्दा पनि गरिबले न्याय पाउन नसक्ने अवस्था बन्न सक्छ । यस्तो अवस्थामा गरिब झन्झन् गरिब बन्न पुग्छन् ।

चौथो, राजनीतिक पहुँच र प्रतिनिधित्वमा अवरोध हुन्छ । भ्रष्टाचारले राजनीतिलाई अत्यन्तै महँगो बनाउँछ । निर्वाचनमा दलबाट टिकट लिन, प्रचार प्रसार गर्न वा निर्वाचित हुन अत्यधिक खर्च गर्नुपर्ने हुँदा गरिब कहिल्यै पनि उम्मेदवार बन्न सक्दैनन् । कसैगरी उम्मेदवार भइहालेमा उनीहरू निर्वाचित हुनै नसक्ने अवस्था निर्माण हुन्छ । जसले गर्दा नीति-निर्माण तहमा गरिब समुदायका प्रतिनिधि पुग्नै पाउँदैनन् । जसका कारण नीति-निर्माणमा गरिबको आवाज पुग्न पाउँदैन । फलस्वरूप: उनीहरूको पक्षमा बन्नुपर्ने कार्यक्रम पनि शोषक तथा धनी वर्गको पक्षमा बन्न पुग्छ । पाँचौं, विदेशी लगानी र विकास सहयोगमा असर पार्दछ । भ्रष्टाचारले देशको छवि अन्तर्राष्ट्रिय रूपमा पनि कमजोर बनाउँछ । वैदेशिक प्रत्यक्ष लगानीकर्ता निरुत्साहित हुन्छन् । विदेशीदाताहरूले सहायता घटाउँछन् । वैदेशिक लगानी घट्न पुग्छ । यसले सामाजिक सुरक्षाका कार्यक्रमहरू, रोजगार सिर्जना गर्ने परियोजनाहरू तथा पूर्वाधार विकासमा अवरोध ल्याउँछ, जसको असर पनि अन्ततः गरिबमाथि पर्छ ।

थुप्रै अध्ययनहरूले भ्रष्टाचार विकासको प्रमुख बाधक हो भन्ने निष्कर्ष दिएका छन् । भ्रष्टाचारले पारदर्शिता, जवाफदेहिता र कानुनी शासनमा अवरोध सिर्जना गर्छ । राज्यप्रति नागरिकको विश्वासलाई कमजोर बनाउँछ । शासन प्रणालीमा नागरिकको सहभागिता घटाउँछ । परिणामतः देशमा गरिबीलाई बढाउँछ ।

### अब के गर्न सकिन्छ ?

गरिबी घटाउनका लागि सबैभन्दा पहिला भ्रष्टाचार नियन्त्रण गरिनुपर्छ । यसका लागि शासन व्यवस्थाको प्रणालीगत सुधार, दण्डहीनताको अन्त्य, गरिब केन्द्रित शासन र संस्थागत पारदर्शितामा सरकारले विशेष ध्यान दिनुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्न सकेमा मात्र गरिबी निवारणमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ ।

पहिलो, गरिबमैत्री तथा जवाफदेही शासन प्रणालीको सुनिश्चितता आवश्यक छ । गरिबका लागि विनियोजन गरिएको बजेट तथा कार्यक्रमको पारदर्शिता अभिवृद्धि गरिनुपर्छ । यस्तो योजना तथा बजेटको अनुगमन, मूल्यांकनलाई प्रभावकारी बनाउनुपर्छ । दोस्रो, यस्ता कार्यक्रम तथा बजेटको निगरानी गर्ने संवैधानिक निकायहरू जस्तै- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, संसदीय समितिहरू लगायतलाई थप स्वायत्त र प्रभावकारी बनाउनु आवश्यक छ । यस्ता निकायहरूले गरिब लक्षित कार्यक्रम र बजेटमा हुन सक्ने भ्रष्टाचार, आर्थिक अनियमितताका सम्बन्धमा छानबिन तथा जोखिममा आधारित अनुसन्धान गर्ने सन्दर्भमा विशेष ध्यान दिने गरी आफ्नो रणनीति तय गर्नुपर्छ ।

तेस्रो, शासन प्रक्रियामा आर्थिक रूपमा विपन्न नागरिकको सहभागिता अभिवृद्धि गर्ने तथा उनीहरूका लागि विनियोजित बजेट तथा कार्यक्रमका बारेमा सचेत बनाइनुपर्छ । गरिबलाई आफ्ना लागि विनियोजन भएको बजेट तथा कार्यक्रमका बारेमा छलफलमा सहभागी हुने, त्यसको सही रूपमा कार्यान्वयन गर्न दबाब दिनका लागि संगठित हुने अवसरको सुनिश्चितता गरिनुपर्छ । यसका लागि नागरिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरी आमनागरिकलाई अधिकार, सेवाप्रवाहको प्रक्रिया र उजुरी प्रणालीका बारेमा जानकारी दिइनुपर्दछ ।

चौथो, सूचना प्रविधिको उपयोग गरिनुपर्छ । डिजिटल प्रविधिको प्रयोगले भ्रष्टाचार नियन्त्रणमा व्यापक सुधार ल्याउन सक्छ । यसका लागि विद्युतीय सुशासनलाई प्रवर्द्धन गरिनुपर्छ । यद्यपि डिजिटल डिभाइडलाई कम गर्नका लागि सरकारले विशेष योजना अगाडि ल्याउनुपर्छ । यसैगरी घरजग्गा तथा सवारी साधनको किनबेच, लाइसेन्स तथा सीप परीक्षण गर्ने कार्य, नागरिकता र राहदानी, राष्ट्रिय परिचयपत्र वितरण जस्ता केही सीमितबाहेकका अन्य सबै कामलाई अनलाइन प्रणालीमा लैजानुपर्छ । साथै नैतिकता तथा सदाचार प्रवर्द्धन गर्ने गरी विद्यालय तहको पाठ्यक्रमको विकास गरिनुपर्छ । यसले भ्रष्टाचार नियन्त्रणमा योगदान गर्छ । जसको प्रत्यक्ष असर गरिबी निवारणमा पनि पर्छ ।

अन्त्यमा, उपलब्ध तथ्य र तथ्यांकले भ्रष्टाचारले राज्यको विकास कार्यलाई कमजोर बनाउँदै गरिबलाई राज्यका सेवाबाट विमुख गर्दछ भन्ने देखाउँछ । यस्तो अवस्थामा भ्रष्टाचार नियन्त्रणबिना गरिबी निवारण सम्भव छैन । यस यथार्थतालाई विश्लेषण गर्दा गरिबले भ्रष्टाचार गर्नेभन्दा पनि भ्रष्टाचारले गरिबीलाई बढाउने देखाउँछ । त्यसैले भ्रष्टाचारको अन्त्य, पारदर्शी र जवाफदेही शासनले मात्र नागरिक्लाई गरिबीको दुश्चक्रबाट छुटकारा दिलाउन सक्छ । देशलाई समृद्धितर्फ डोऱ्याउन सक्छ ।

*साभार : इकान्तिपुर*

# चैनपुर जेसीजको जेसीज सप्ताह सुरु

♦ *प्रदेश दैनिक*

हेटौंडा/चैनपुर जेसीज मनहरी वर्ष सन् २०२६ को जेसीज सप्ताह बुधबारबाट सुरु भएको छ ।

जेसीजले प्रत्येक वर्ष विविध कार्यक्रमको आयोजना गरी जेसीज सप्ताह मनाउँदै आएको छ । जेसीज सप्ताहको पहिलो दिन शाखा अध्यक्ष सुरेश गौतमको प्रकरण (थिम) 'आजको तयारी, भोलीको नेतृत्व' विषयमा वक्तृत्वकला भएको हो । मनहरी गाउँपालिका ३ हाँडीखोलामा रहेको महेन्द्रज्योति उच्च माविका विद्यार्थीका बीच प्रतियोगिता भएको हो । प्रतियोगितामा दिपेश सिन्तान प्रथम हुँदा परिसा पौडेल द्वितीय, सृजना लामिछाने तृतीय र बिन्दु थिङ सान्त्वना भएका छन् । प्रतियोगितामा ८ जना विद्यार्थीको सहभागिता रहेको थियो । कार्यक्रम संयोजक अन्जन सापकोटाको संयोजकत्व एवम् शाखा अध्यक्ष गौतमको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका ३ नम्बर वडा अध्यक्ष अनन्तप्रकाश अर्यालको




प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा जेसीजका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, पूर्व अध्यक्ष रविन ढकाल, अध्यक्ष सल्लाहकार एवम् मनहरी गाउँपालिकाका स्रोत शिक्षक विदुर थापालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । जेसीज सप्ताह अन्तर्गत बिहीबार मनहरी ६ बालभन्ज्याङमा रहेको राष्ट्रिय सरस्वती प्राविमा अनुप अधिकारीको संयोजकत्वमा स्टेसनरी सामग्री वितरण, २३ गते पशुपतिनाथ माविमा सरोज देवकोटाको संयोजकत्वमा खेलकुद सामग्री वितरण हुनेछ । यस्तै २४ गते मनहरी ४ मा सुरज कार्कीको संयोजकत्वमामा स्लो मोटरसाइकल रेस प्रतियोगिता, २५ गते विहान रोशन ढकालको संयोजकत्वमामा पशुपतिनाथ मन्दिर सर सफाइ र त्यसपछि मनहरी ४ मै सगुन सुवेदीको संयोजकत्वमा जेसीज सदस्यबीच हाजिरीजवाफ प्रतियोगिता हुने जेसीज सप्ताह मूल कार्यक्रम संयोजक राजु सुवेदीले जानकारी दिए ।




## डेङ्गीबाट कसरी बच्ने ?

*लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ, त्यसैले*

- ➩घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- ➩पानी राखेको भाँडालाई छोपेर राखौं ।
- ➩लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- ➩लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।
- ➩लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- ➩घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकोमा जाली लगाऔं ।
- ➩सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- ➩कुना काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- ➩कुलर, पानी टंकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु समयमै सफा गरौं ।

दैनिक प्रदेश
PRADESH DAILY NEWSPAPER

**ऋणी तथा एकल/धनजमानीकर्ताहरुको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण**

**४९.** ऋणीको नाम : शोभा देवी पासमान, पिता/पतिको नाम : सतवा पासमान, बाजे/ससुराको नाम : नारायण पासमान, स्थायी ठेगाना : ईटहर्वा-२, सिराहा, ना.प्र.नं. : १५३०१५/४३८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : द्रोपति देवी पासमान, पिता/पतिको नाम : उमेश पासमान, स्थायी ठेगाना : सखुवानन्कारकट्टी-५, सिराहा, ना.प्र.नं. : १५-०२-७४-०४३८१

**५०.** ऋणीको नाम : सुमिन्त्रा देवी सदाय, पिता/पतिको नाम : राज कुमार सदाय, बाजे/ससुराको नाम : छुतहरु सदाय, स्थायी ठेगाना : सोनमति मझौरा-७, सिराहा, ना.प्र.नं. : १५३००८/४७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : राज कुमार सदाय, पिता/पतिको नाम : छुतहरु सदाय, स्थायी ठेगाना : सोनमती मझौरा-७, सिराहा, ना.प्र.नं. : ८९९६३००८

**५१.** ऋणीको नाम : शैल कुमारी, पिता/पतिको नाम : शिवनारायण सुडी, बाजे/ससुराको नाम : वच्चा साह सुडी, स्थायी ठेगाना : सोनमति मझौरा-७, सिराहा, ना.प्र.नं. : ३९२५, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : उमेश कुमार साह, पिता/पतिको नाम : शिवनारायण साह सुडी, स्थायी ठेगाना : सोनमति मझौरा-७, सिराहा, ना.प्र.नं. : १५१००८/४४

**५२.** ऋणीको नाम : निर्मला देवी यादव, पिता/पतिको नाम : ब्रहमदेव यादव, बाजे/ससुराको नाम : जगवीर यादव, स्थायी ठेगाना : ईटहर्वा-१, सिराहा, ना.प्र.नं. : १५२०१५/१५५, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सुकनी कुमारी, पिता/पतिको नाम : जगवीर यादव, स्थायी ठेगाना : ईटहर्वा-१, सिराहा, ना.प्र.नं. : २१३
२.धनजमानीको नाम : राजु कुमार यादव, पिता/पतिको नाम : ब्रहमदेव यादव, बाजे/ससुराको नाम : जगवीर यादव, स्थायी ठेगाना : सखुवानन्कारकट्टी-५, सिराहा, ना.प्र.नं. : १५-०२-७९-०२०१०

**५३.** ऋणीको नाम : रुवी देवी पासमान, पिता/पतिको नाम : रामचन्द्र पासमान, बाजे/ससुराको नाम : जगदेव पासमान, स्थायी ठेगाना : इनर्वा-२, सिराहा, ना.प्र.नं. : १५३०१६/१९२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रामचन्द्र पासमान, पिता/पतिको नाम : जगदेव पासमान, स्थायी ठेगाना : ईटहर्वा-२, सिराहा, ना.प्र.नं. : १५२०१५/११४०

**५४.** ऋणीको नाम : शुशीला देवी पासमान, पिता/पतिको नाम : दिपेन पासमान, बाजे/ससुराको नाम : मने पासमान, स्थायी ठेगाना : ईटहर्वा-२, सिराहा, ना.प्र.नं. : १५३०१५/१६६
कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : रेनु देवी पासमान, पिता/पतिको नाम : घुरन पासमान, स्थायी ठेगाना : ईटहर्वा-२, सिराहा, ना.प्र.नं. : १५३०१५-४४१

**५५.** ऋणीको नाम : कैली देवी पासमान, पिता/पतिको नाम : सत्रुधन पासमान, बाजे/ससुराको नाम : सुखाइ पासमान, स्थायी ठेगाना : ईटहर्वा-२, सिराहा, ना.प्र.नं. : १५३०१५/२५४, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : सत्रुधन पासमान, पिता/पतिको नाम : सुखाइ पासमान, स्थायी ठेगाना : ईटहर्वा-२, सिराहा, ना.प्र.नं. : ३८६६-६७९

**५६.** ऋणीको नाम : उर्मिला देवी पासमान, पिता/पतिको नाम : राम पासमान, बाजे/ससुराको नाम : राम किसुन पासमान, स्थायी ठेगाना : सखुवानन्कारकट्टी-५, सिराहा, ना.प्र.नं. : १५-०२-७४-०४३८३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : दुर्गी देवी पासमान, पिता/पतिको नाम : मंगल पासमान, स्थायी ठेगाना : ईटहर्वा-२, सिराहा, ना.प्र.नं. : १५३०१५/१९८

**५७.** ऋणीको नाम : अमिला खातुन, पिता/पतिको नाम : मो.इसाई, बाजे/ससुराको नाम : इद्रिस मियाँ, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : १५२०१५/१७४, कर्जाको शीर्षक : आकस्मिक
एकलजमानीको नाम : मो.इसाई, पिता/पतिको नाम : इद्रिस मियाँ, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : १५३०१५/५५३

**५८.** ऋणीको नाम : जकीरा खातुन, पिता/पतिको नाम : मो.मुकतार मियाँ, बाजे/ससुराको नाम : सर्फ रहमान मिया, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : ३८६६१५३०-११६३१, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : मोमुक्तार मिया, पिता/पतिको नाम : सर्फ रहमान मिया, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : ६८२३०

**५९.** ऋणीको नाम : मुन्नी खातुन, पिता/पतिको नाम : महम्द लाल वाहु राईन, बाजे/ससुराको नाम : नुरुल हक, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : १५३०१८/१६५, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : मो.सदरुल, पिता/पतिको नाम : मो.इजरायल, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : १५२०१५-११२५

**६०.** ऋणीको नाम : सहिदनी खातुन, पिता/पतिको नाम : मो.किस्मत, बाजे/ससुराको नाम : सुलेमान मियां, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : ३८६६१४०२, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : नुरजहान खातुन, पिता/पतिको नाम : मोहम्मद समसाद, स्थायी ठेगाना : सखुवानन्कारकट्टी-५, सिराहा, ना.प्र.नं. : १५-०२-७५-०२९३९

**६१.** ऋणीको नाम : समिना खातुन, पिता/पतिको नाम : सहुर मियाँ, बाजे/ससुराको नाम : अजिज मियाँ, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : १५३०१५/३४०, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : सहुर मियाँ, पिता/पतिको नाम : अजिज मियाँ, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : १५१३९/३५३

**६२.** ऋणीको नाम : नेपुर कुमारी मंडल, पिता/पतिको नाम : विनोद कुमार मंडल, बाजे/ससुराको नाम : सिता राम मण्डल, स्थायी ठेगाना : सखुवानन्कारकट्टी-८, सिराहा, ना.प्र.नं. : १५२०१३/१८५२८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : भगवती पौडेल –मंडल), पिता/पतिको नाम : सिता राम मण्डल, स्थायी ठेगाना : सखुवानन्कारकट्टी-८, सिराहा, ना.प्र.नं. : १५३०१३/११३

**६३.** ऋणीको नाम : प्रमिता कुमारी यादव, पिता/पतिको नाम : राजपती यादव, बाजे/ससुराको नाम : जय किसुन यादव, स्थायी ठेगाना : सखुवानन्कारकट्टी-१, सिराहा, ना.प्र.नं. : १५-०२-७५-०३१०९, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सोनाई यादव, पिता/पतिको नाम : राम औतार यादव, स्थायी ठेगाना : सितापुर-३, सिराहा, ना.प्र.नं. : ८९३९१८५-२

**६४.** ऋणीको नाम : फुलो देवी यादव, पिता/पतिको नाम : लाल बावु यादव, बाजे/ससुराको नाम : झवर यादव, स्थायी ठेगाना : ईटहर्वा-४, सिराहा, ना.प्र.नं. : १५३०१५/६२८, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : दुर्गा देवी यादव, पिता/पतिको नाम : गंगा प्रसाद यादव, बाजे/ससुराको नाम : झवर यादव, स्थायी ठेगाना : ईटहर्वा-४, सिराहा, ना.प्र.नं. : १५३०१५/६२७

**६५.** ऋणीको नाम : शोभा देवी राम, पिता/पतिको नाम : विरेन्द्र राम, बाजे/ससुराको नाम : झरी मोची, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : १५२०१५/१०७८६, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : राम विहारी राम, पिता/पतिको नाम : झरी मोची, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : ३८६६१५६७

**६६.** ऋणीको नाम : आराधना चौधरी, पिता/पतिको नाम : विनोद प्रताप शाह, बाजे/ससुराको नाम : भरत प्रसाद शाह, स्थायी ठेगाना : लाहान-१, सिराहा, ना.प्र.नं. : १५२००५/६८५, कर्जाको शीर्षक : आकस्मिक
एकलजमानीको नाम : विनोद प्रताप शाह, पिता/पतिको नाम : भरत प्रसाद शाह, स्थायी ठेगाना : लहान-५, सिराहा, ना.प्र.नं. : २३०८/११५२/५

**६७.** ऋणीको नाम : किरण देवी साफी, पिता/पतिको नाम : लक्ष्मण रजक, बाजे/ससुराको नाम : घुरन साफी, स्थायी ठेगाना : ईटहर्वा-४, सिराहा, ना.प्र.नं. : १५२०१५-२२०१३, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सरिता कुमारी रजक, पिता/पतिको नाम : लक्ष्मण रजक, बाजे/ससुराको नाम : घुरन साफी, स्थायी ठेगाना : सखुवानन्कारकट्टी-५, सिराहा, ना.प्र.नं. : १५-०२-७९-०२२८०
२.धनजमानीको नाम : काजल कुमारी यादव, पिता/पतिको नाम : रामनाथ यादव, स्थायी ठेगाना : सखुवानन्कारकट्टी-५, सिराहा, ना.प्र.नं. : १५-०२-८०-००९०१

**६८.** ऋणीको नाम : प्रतिभा कुमारी यादव, पिता/पतिको नाम : तिर्थ नारायण यादव, बाजे/ससुराको नाम : प्रेम नारायण यादव, स्थायी ठेगाना : शम्भुनाथ-९, सप्तरी, ना.प्र.नं. : १६-०१-८०-००६२०, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : तिर्थ नारायण यादव, पिता/पतिको नाम : प्रेम नारायण यादव, बाजे/ससुराको नाम : खुसीलाल यादव, स्थायी ठेगाना : वसलपुर-६, सप्तरी, ना.प्र.नं. : १६१०७३/२४५,
२.धनजमानीको नाम : अमला देवी यादव, पिता/पतिको नाम : प्रमेश्वर प्रसाद यादव, स्थायी ठेगाना : ईटहर्वा-४, सिराहा, ना.प्र.नं. : १५३०१५/६२६

**६९.** ऋणीको नाम : सुन्दर पासमान, पिता/पतिको नाम : सन्तोष पासमान, बाजे/ससुराको नाम : कुसुमलाल पासमान, स्थायी ठेगाना : ईटहर्वा-२, सिराहा, ना.प्र.नं. : १५३०१५-२६२, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सन्तोष पासमान, पिता/पतिको नाम : कुसुमलाल पासमान, स्थायी ठेगाना : ईटहर्वा-२, सिराहा, ना.प्र.नं. : ६०
२.धनजमानीको नाम : बबिता पासमान, पिता/पतिको नाम : गणेश पासमान, स्थायी ठेगाना : सखुवानन्कारकट्टी-५, सिराहा, ना.प्र.नं. : १५-०२-८०-०३८४९

**७०.** ऋणीको नाम : मरियम खातुन, पिता/पतिको नाम : मो.गुलाव राईन, बाजे/ससुराको नाम : फजुल रहमान, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : १५२०१५/१९६१९, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : फजुल रहमान, पिता/पतिको नाम : मो.हनिफ मियाँ, स्थायी ठेगाना : ईटहर्वा-३, सिराहा, ना.प्र.नं. : ३८६६-४०१

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना : ashamicrofinance@gmail.com/
info@ashamicrofinance.com.np

❒प्रकाशक/सम्पादक: गणेशदर्पण अधिकारी ❒कार्यालय: हेटौंडा-२, पल्पसारोड, ❒फोन नं.:०५७-५२४०११, ❒ईमेल:pradeshdaily@gmail.com ❒मुद्रण: वेङ्कटेश छापाखाना